# छत्रदेव गाउँपालिका
## Chhatradev Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
५ नं. प्रदेश, नेपाल
5 No. Province, Nepal

पत्र संख्या/Letter No.:
चलानी नं./Ref. No.:

मिति: २०७७/०५/०१

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:- २०७७-०५-०१)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.सं. ०७७/७८ च.नं. २३, मिति २०७७/०४/१२ को पत्रानुसार यस छत्रदेव गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७-०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:-

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको।

(ख) अनुभव र सीप: प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेर:- १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको

२. दरखास्त दिने स्थान:- छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय, छत्रगञ्ज-अर्घाखाँची।

३. दरखास्त दिने अन्तिम मिति:- २०७७/०५/१५ गते कार्यालय समय भित्र।

४. आवेदन दस्तुर:- रु. ४००।–

५. छनौटको किसिम:- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा।

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

| | |
|---|---|
| • नागरिकता | • न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र |
| • चारित्रिक प्रमाणपत्र | • अनुभव खुल्ने कागजात |
| • २ प्रति पासपोर्ट आकारको फोटो | |

७. सेवा सुविधा:- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रकृया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण:- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रकृया को दफा (९) बमोजिम हुनेछ।

नोट: आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

खिमानन्द भुसाल
प्रमुख प्रशासकीय अधिकृत

"छत्रदेवको शान: सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान"

Scanned with CamScanner